# संघीय संसद

# प्रतिनिधि सभा

# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ७०**

**(मिति: २०७८/०९/१६)**

विषय:-

१. राजदूत र महावाणिज्यदूत नियुक्ति सम्बन्धी मापदण्डका सम्बन्धमा।

२. विविध।

छलफल तथा निर्णय:-

समितिको आजको बैठकमा राजदूत र महावाणिज्यदूत नियुक्ति सम्बन्धी मापदण्ड एवं विविध विषयका सम्बन्धमा परराष्ट्र मन्त्रालयका सचिव श्री भरतराज पौड्यालसँग छलफल भयो। सो पश्चात् यस छलफललाई माननीय परराष्ट्र मन्त्रीज्यू समेतको सहभागितामा अर्को बैठक बस्नेगरि निरन्तरता दिने निर्णय भयो।

त्यसपछि विभिन्न समयमा नेपालमा बनेका परराष्ट्र नीतिहरुको अध्ययन गर्न, कूटनीति सञ्चालनमा देखिएका समस्याहरुको अध्ययन गर्न तथा समग्र अन्तर्राष्ट्रिय सम्बन्ध र कूटनीतिका क्षेत्रमा आएका परिवर्तनहरुलाई सम्बोधन हुने गरी अध्ययन, अन्तर्क्रिया, गोष्ठी गर्न ३ महिना समयावधि रहनेगरी मा. श्री दीपक प्रकाश भट्टको संयोजकत्वमा मा. श्री पुष्पा भुसाल (गौतम), मा. श्री रेनुका गुरुङ्ग, मा. श्री सरला कुमारी यादव र मा. श्री सुदन किराती सदस्य रहेको ५ (पाँच) सदस्यीय परराष्ट्र नीति अध्ययन उपसमिति गठन गर्ने निर्णय भयो।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।